# माउण्ट मकालु डेभलपमेन्ट बैंक लिमिटेड
## वसन्तपुर, तेह्रथुमको
### छैटौं वार्षिक साधारण सभाको
### काम कारवाही विवरण (माइन्यूट)

माउण्ट मकालु डेभलपमेन्ट बैंक लिमिटेड संचालक समितिका संचालक श्री गणेश प्रसाद बराल ज्यूको अध्यक्षतामा तल उल्लेखित मिति, समय र स्थानमा बसेको छैटौं वार्षिक साधारणसभामा देहायका विषय उपर छलफल भई देहाय बमोजिम निर्णय भयो ।

**१. सभाको मिति, स्थान र समय**

मिति : २०७३ फागुन २५ गते, बुधवार (मार्च ०८, २०१७)
स्थान : वसन्त माध्यमिक विद्यालयको सभाकक्ष, वसन्तपुर, तेह्रथुम
समय : विहान १०.३० बजे प्रारम्भ भई अपरान्ह ४:३० बजे सम्पन्न भएको

**२. उपस्थिति**

१. श्री हरिकृष्ण निरौला -अध्यक्ष
२. श्री लछुमन तिवारी -संचालक
३. श्री गणेश प्रसाद बराल -संचालक
४. श्री विनोद दास गुरुङ -संचालक
५. श्री कमल बहादुर खड्का -संचालक
६. श्री लिल बहादुर लिम्बु रोगु -संचालक
७. श्री हरि प्रसाद ढुंगेल -संचालक
८. श्री कुमार खड्का -प्रबन्ध संचालक

**गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप) विवरण कूल संख्या जम्मा उपस्थिति कूल शेयरको प्रतिनिधित्व**

| कूल शेयरधनी संख्या | जम्मा उपस्थित शेयरधनी | कूल शेयरको प्रतिनिधित्व (प्रोक्सीसमेत) |
|---|---|---|
| ४३१३ | ४९ जना | ६०.९७ प्रतिशत |

**३. सभाको सूचना**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बैंकको छैटौं वार्षिक साधारण सभाको सूचना तथा सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सबै शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०७३ माघ ०४ गते बुधबारसहितको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा दुई पटक सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको थियो ।

## ४. सभाको वैधानिकता र सभाको सभापतित्व

कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम यस सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको छैटौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ४९ भएको र कुल शेयरको ६०.९७ प्रतिशत (प्रोक्सी समेत) प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

बैंकको नियमावलीमा व्यवस्था भएबमोजिम यस सभाको सभापतित्व गर्नु भएका सञ्चालक समितिका संचालक श्री गणेश प्रसाद बराल ज्यूले बैंकको छैटौं वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नु भयो ।

## ५. छलफलका विषयहरु

### (क) सामान्य प्रस्ताव :

१) आर्थिक बर्ष २०७२/०७३ को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदनसहित २०७३ आषाढ मसान्तको वासलात तथा सोही मितिमा सामाप्त आ.ब.२०७२/०७३ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

३) आर्थिक वर्ष २०७३/०७४ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) बोनस शेयरको कर प्रयोजनको लागि रु.२,१८,९४७.३७ नगद लाभांश (दुई लाख अठार हजार नौ सय सडचालिस रुपैया सइतिस पैसा मात्र) नगद लाभांश स्वीकृत गर्ने ।

### (ख) बिशेष प्रस्ताव :

१) डेभलपमेन्ट बैंकको पूँजी बृद्धि गरी अधिकृत पूँजी रु. २० करोड र जारी पूँजी तथा चुक्ता पूँजी रु. १० करोड ३७ लाख ४० हजार पुर्‍याउने ।

२) संचालक समितिले प्रस्ताव गरे अनुसार नेपाल राष्ट्र बैंकबाट स्वीकृत गत बर्षसम्मको मुनाफाबाट २ करोड ६० लाखको १६ प्रतिशत बोनस शेयर प्रस्ताव भएकोमा हाल हकप्रद शेयर समेतको बाँडफाँड भइ सकेकोले हाल कायम रहेको ६ करोड ५० लाख चुक्ता पूँजीको ६.४

प्रतिशत रु. ४१,६०,०००.०० (एकचालिस लाख साठी हजार) को बोनस शेयर स्वीकृत गर्ने प्रस्ताव ।

३) संस्थापकहरुको शेयर स्वामित्व ५१ प्रतिशत कायम गरि सर्वसाधारण शेयरधनीहरुको स्वामित्व ४९ प्रतिशत कायम गर्ने । सो बमोजिमको शेयर स्वामित्व कायम गर्न नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम समानुपातिक रुपमा संस्थापक शेयरधनीको संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिवर्तन गर्ने ।

४) रु. ६ करोड ९१ लाख ६० हजार ( बोनस शेयरसहित)को शेयरपूँजीको आधारमा दुई शेयर बराबर एक शेयरको (२ : १) अनुपातमा हकप्रद शेयर जारी गर्ने ।

५) डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावली आवश्यक परिमार्जन तथा संशोधन गर्ने ।

६) डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

७) माउण्ट मकालु डेभलपमेन्ट बैंक लिमिटेड र अन्य इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति (Merger/Acquisition) उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अघि बढाउन संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

**(ग) विविध :**

**६. संचालक समितिको वार्षिक प्रतिवेदन साधारण सभासमक्ष प्रस्तुत :**

सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै आ.व.२०७२/०७३ को सञ्चालक समितिको प्रतिवेदन सभामा पढेर सुनाउनु भयो र सोमा छलफलका लागि सभा समक्ष अनुरोध गर्नु भयो ।

**७. छलफलको लागि आह्वान र सो छलफलमा सहभागी शेयरधनी महानुभावहरु**

सभाका अध्यक्षज्यूले छैटौं वार्षिक प्रतिवेदन उपर छलफलका लागि साधारण सभा समक्ष अनुरोध गर्नु भयो । शेयरधनीहरुले छलफलमा प्रत्यक्ष रुपले सहभागी हुंदै देहाय अनुसार जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नुभएको थियो ।

**(क) कृष्ण प्रसाद दाहाल**

संचालक समितिको बार्षिक प्रतिवेदनले सबै पक्षलाई समेटेको देखिन्छ । त्यस्तै ग्रामाणि बजारउन्मुख क्षेत्रमा शाखा विस्तार गर्ने योजना छ यस्को कार्यान्वयन गर्न जोड दिनु पर्ने देखिन्छ ।

**(ख) किशोर कुमार राई**

यस बैंकले ग्रामीण क्षेत्रका बासिन्दालाई बैंकिङ ज्ञान र चेतना मात्र होइन बैंकिङ सेवा सरल किसिमले दिएर धन्यवादको पात्र बनेको छ । यस वर्ष त ६.४ प्रतिशत बोनस शेयर दिएर हामी माझ खुशीको माहोल बनाइ दिएको छ । आगामी दिनमा यो प्रतिफलको अनुपात बढदै जाओस् हाम्रो शुभकामना छ । स्थानीय स्तरमा खुलेको हुनाले यो बैंकले हामीलाई अपनत्वको अनुभूति दिलाएको छ ।

विशेष गरी म जुन हकप्रद शेयरको बारेमा के भन्न चाहान्छु भने एक बराबर एक भए मर्जमा जाँदा पनि अरु बैंकको पूँजी आवश्यकतालाई सहयोग गर्दथो ।

**(ग) यज्ञ बहादुर खड्का**

संचालक समितिको प्रतिवेदनमा मर्जको कुरा उठेको छ । मर्ज गर्ने सोचाइ संचालक समितिको के छ ? मर्ज गर्दा आफ्नो पहिचान हुने गरी क्षेत्रीय स्तरका बैंकसँग गरे राम्रो भएकोले यसबारे संचालक समितिको धारणा राखिदिन आग्रह गर्दछु ।

**(घ) भीम प्रसाद दाहाल**

संचालक समितिले प्रस्तुत गरेको बार्षिक प्रविदेन राम्रो लाग्यो । भने बोनस शेयरको घोषणाले उत्साहित बनाएको छ । मर्ज गर्दा संघिय प्रान्त अनुसार एक नम्बर प्रान्तको राम्रो बैंक हुने गरी क्षेत्रीय स्तरका बैंकसँग मर्ज गर्न सल्लाह दिन्छु । भने यस बारे समितिको धारणा के छ ?

**७.१ छलफलमा सहभागी हुने शेयरधनीहरुले सामूहिक रुपमा व्यक्त गर्नुभएको सुझाव तथा मन्तव्यः**

मन्तव्य प्रकट गर्ने क्रममा सहभागी शेयरधनीहरुले बैंकको सेवाप्रति सन्तोष प्रकट गर्दै आगामी दिनमा अझ प्रगति गरोस् भन्ने शुभकामना व्यक्त गर्नु भयो । शेयरधनी महानुभावहरुले विशेष गरी हकप्रद शेयर जारी, मर्जर प्रक्रिया, बोनस शेयर, शाखा विस्तार बारे जस्ता विषयमा जोड दिनु भएको थियो ।

**७.२ सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञांशा एवं प्रश्नहरुको जवाफ**

छलफलमा उठेका प्रश्न, सुझाव र आग्रहको जवाफ दिँदै सभाअध्यक्षाको अनुमतिमा संचालकज्यूहरु एवं प्रबन्ध संचालकले बैंकको प्रगतिमा शेयरधनीहरुको सहयोग, सद्भाव र शुभेक्षा महत्वपूर्ण रहने उल्लेख गर्दै शेयरधनीहरुको सुझावकै आधारमा बैंकले आफ्नो नीति निर्माण र कार्यान्वयन गरिरहेको एवं आगामी दिनमा पनि त्यसलाई निरन्तरता दिँदै लैजाने प्रतिवद्धता प्रकट गर्नु भयो ।

नेपाल राष्ट्र बैंकले पूँजी बृद्धि गर्नु पर्ने बाध्यात्मक अवस्थाको बारेमा तथा सञ्चालकज्यूहरुले मर्जर माउण्ट मकालु डेभलपमेन्ट बैंकको बाध्यता नभई आवश्यकता भएको तर्फ जोड दिँदै आफ्नो

स्तर अनुरुपको पार्टनर खोजेर मर्जर तथा प्राप्तिको प्रक्रिया अघि बढाइएको र त्यसका लागि गठित मर्जर कमिटिले काम गरिरहेको बारेमा शेयरधनीहरुलाई आश्वस्त पार्नु भएको थियो । त्यसैगरी सहभागीहरुको जिज्ञासा शान्त पार्दै प्रबन्ध संचालकले हाल बैंकले विपन्न वर्ग कर्जा समूह जमानतलाई विमा गराएको र आगामी दिनमा यसलाई अझै बढाउँदै लगिने जानकारी गराउनुभयो । त्यस्तै सर्वसाधारण शेयरधनीहरु संस्थापकमा आउने बारे ऐन, नियम तथा निर्देशिकाको व्यवस्था प्रकाश पार्नु भयो । भने बोनस तथा हकप्रद शेयरको अर्थ तथा उपयोगिताको बारे पनि प्रकाश पार्नु भयो । उहाँले हकप्रद शेयरको लागि सम्पूण प्रक्रिया पुरा भए पछि नियमन निकायको स्वीकृति पाए पछि सम्पूर्ण शेयरधनीहरुलाई सूचना गरी माग गरिने बताउनु भयो । त्यस्तै शाखा विस्तारका लागि सम्भाव्यता अध्ययन गरिने बारे शेयरधनीहरुलाई जानकारी गराउनु भयो ।

## ८. छैटौं वार्षिक साधारण सभाको निर्णय

### (क) सामान्य प्रस्ताव

१. सभामा प्रस्तुत आ.व. २०७२/०७३ को सञ्चालक समितिको प्रतिवेदन सभाका अध्यक्षज्यूले अनुमोदनको लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७२/०७३ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण पारित गरियोस् भनी सभाका अध्यक्षज्यूले सभासमक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिले सिफारिस गरेबमोजिम आ.व. २०७३/०७४ को लागि अन्तिम लेखापरीक्षण, कर लेखापरीक्षण, कम्पनि ऐनको दफा ७८ बमोजिमको प्रतिवेदन, लङफर्म अडिट रिपोर्ट तयार गर्न समेतका लागि लेखापरीक्षक श्रेष्ठ आर एन्ड एसोसियट्सका चार्टर्ड एकाउन्टेन्ट श्री रवि कुमार श्रेष्ठलाई लेखापरीक्षक नियुक्त गर्ने र निजलाई लेखापरीक्षण गरेवापत पारिश्रमिक स्वरुप रु ६०,०००।- (साठी हजार रुपैया) उपलब्ध गराउने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

४. बोनस शेयरको कर प्रयोजनको लागि रु.२,१८,९४७.३७ नगद लाभांश (दुई लाख अठार हजार नौ सय सडचालिस रुपैया सइतिस पैसा मात्र) नगद लाभांश स्वीकृत गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

### (ख) विशेष प्रस्ताव

१. यस डेभलपमेन्ट बैंकको अधिकृत पूँजी ८००,००,०००।-( अक्षरेपी आठ करोड), जारी पूँजी २६०,००,०००।- (अक्षरेपी दुई करोड साठी लाख ) तथा चुक्ता पूँजी २६०,००,०००।- (अक्षरेपी

दुई करोड साठी लाख ) रहेकोमा पूँजी संरचनामा परिवर्तन गरी अधिकृत पूँजी रु. २०,००,००,०००।- (अक्षरेपी बीस करोड), जारी पूँजी रु. १०,३७,४०,०००।- (अक्षरेपी दश करोड सइतीस लाख चालीस हजार ) तथा चुक्ता पूँजी १०,३७,४०,०००।- (अक्षरेपी दश करोड सइतीस लाख चालीस हजार ) पुऱ्याउने गरी प्रबन्धपत्र तथा नियमावली संशोधनको सम्बन्धी प्रस्तावलाई सभाका अध्यक्षज्यूले स्वीकृतिका लागि सभासमक्ष पेश गर्नु भएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

२. संचालक समितिले प्रस्ताव गरे अनुसार नेपाल राष्ट्र बैंकबाट स्वीकृत गत बर्षसम्मको मुनाफाबाट २ करोड ६० लाखको १६ प्रतिशत बोनस शेयर प्रस्ताव भएकोमा हाल हकप्रद शेयर समेतको बाँडफाँड भइ सकेकोले हाल कायम रहेको ६ करोड ५० लाख चुक्ता पूँजीको ६.४ प्रतिशत रु. ४१,६०,०००.०० (एकचालिस लाख साठी हजार) बराबरको बोनस शेयर जारी गर्ने प्रस्तावलाई सभाका अध्यक्षज्यूले स्वीकृतिका लागि सभासमक्ष पेश गर्नु भएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

३. यस माउण्ट मकालु डेभलपमेन्ट वैंक लिमिटेडको वर्तमान पूँजी संरचना बमोजिम संस्थापक शेयर तथा सर्वसाधारण शेयरको अनुपात ७० प्रतिशत तथा ३० प्रतिशत कायम रहेकोमा वैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ को दफा ९(२) र नेपाल राष्ट्र वैंकवाट जारी निर्देशन तथा नेपाल धितोपत्र वोर्डवाट जारी परिपत्रको अधिनमा रहि यस वैंकको संस्थापक समूहमा हाल रहेको ७० प्रतिशत शेयर संरचनालाई ५१ प्रतिशत कायम रहने गरी बाँकी शेयर सर्वसाधारण सरह दोस्रो पूँजी वजार (Secondary Capital Market) मार्फत कारोवार गर्न सक्ने गरी शेयरधनीहरुको शेयर संरचना परिवर्तन गर्न र सोही अनुरुप वैंकको प्रवन्धपत्र र नियमावलीमा समेत संसोधन गर्न समितिको सिफारिस सहित नेपाल राष्ट्र वैंकमा स्वीकृतिका लागि अनुरोध गरेकोमा संचालक समितिले निर्णय गरे वमोजिम संस्थापकहरुको शेयर स्वामित्व ५१ प्रतिशत कायम गरि सर्वसाधारण शेयरधनीहरुको स्वामित्व ४९ प्रतिशत कायम गर्ने र सो बमोजिमको शेयर स्वामित्व कायम गर्न नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम समानुपातिक रुपमा संस्थापक शेयरधनीको संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिवर्तन गर्ने प्रस्तावलाई सभाका अध्यक्षज्यूले स्वीकृतिका लागि सभासमक्ष पेश गर्नु भएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

४. बोनस सेयर जारी गरे पश्चात कायम हुने बैंकको चुक्ता पूँजीमा रु. ६ करोड ९१ लाख ६० हजारको आधारमा दुई शेयर बराबर एक (२:१) शेयरको अनुपातले रु.१००/– अंकित दरको ३,४५,८०० कित्ता हकप्रद शेयर जारी गरी कम्पनिको चुक्ता पूँजी रु. १० करोड ३७ लाख ४० हजार पुऱ्याउने प्रस्तावलाई पारित गरियोस् भनी सभाका अध्यक्षज्यूले सभासमक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो । साथै बैंकको हकप्रद शेयर जारी गर्नका लागि गर्नु पर्ने आवश्यक कामकारवाही गर्नका लागि बैंकको संचालक समितिलाई अख्तियारी दिने निर्णय समेत सर्वसम्मतिले पारित गरियो ।

५. डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा :

यस डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा निम्न अनुसार संशोधन गर्ने प्रस्तावलाई स्वीकृत गर्न अध्यक्षज्यूले सभासमक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उक्त प्रस्तावलाई तपसिल बमोजिम सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो :

## तपसिल

| दफा /नियमावली | हाल भैरहेको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| प्रवन्धपत्रको दफा (६) को (ङ) | संस्थापक शेयरधनीहरुलाई समुह “क” मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ७० प्रतिशत हुनेछ ।<br><br>सर्वसाधारणमा विक्री गरिने शेयरका शेयरधनीलाई समूह “ख” मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ३० प्रतिशत हुनेछ । यस समूहको शेयरमध्येवाट बढिमा ५ प्रतिशतसम्म शेयर विकास बैंकका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम विक्री वितरण गर्न सकिनेछ । | संस्थापक शेयरधनीहरुलाई समुह “क” मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ५१ प्रतिशत हुनेछ ।<br><br>सर्वसाधारणमा विक्री गरिने शेयरका शेयरधनीलाई समूह “ख” मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ४९ प्रतिशत हुनेछ । | संस्थापक समूहको शेयर स्वामित्व घटाउन ।<br><br>संस्थापक समूहको शेयर स्वामित्व घटाई सर्वसाधारण शेयरधनीको स्वामित्व बढाउन । |
| नियमावलीको नियम (२७) को (२) | यस विकास बैंकमा ९ जनाको सञ्चालक समिति हुनेछ । जसमा संस्थापक समूहबाट मनोनित/निर्वाचित छ जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित दुई जना र एक जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक हुनेछन् । | यस विकास बैंकमा ९ जनाको सञ्चालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :-<br><br>(क)संस्थापक समूहका शेयरधनीहरुवाट आपसी समभ्रदारीवाट मनोनित वा निर्वाचित ५ जना हुनेछन् ।<br>(ख) सर्वसाधारण समूहका शेयरधनीहरुवाट निर्वाचित ३ जना हुनेछन् । | सस्थापक र सर्वसाधरण शेयरधनीको अनुपात परिवर्तन गरिएकोले सोहि बमोजिम प्रतिनिधित्व मिलान गर्न । |

| | | | |
|---|---|---|---|
| | | ग) नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञहरुको सूचिबाट एक जना व्यावसायिक संचालक हुनेछन् । | |

| दफा /नियमावली | साविक | संशोधन गर्नु पर्ने | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| प्रबन्धपत्रको दफा (६) विकास बैंकको पूँजीको संरचना सम्बन्धमा । | (क) विकास बैंकको अधिकृत पूँजी रु. ८,००,००,०००।०० ( अक्षरेपी रु. आठ करोड मात्र) हुनेछ । सो पूँजीलाई रु. १००।- (रुपैयाँ एक सय) दरका ८,००,०००(आठ लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br>(ख) विकास बैंकले तत्काल जारी गर्ने शेयर पूँजी रु. ६,५०,००,०००.०० (रुपैया छ करोड पचास लाख मात्र) हुनेछ । उक्त पूँजीलाई रु. १००।- (रुपैयाँ एक सय) दरका ६,५०,०००(छ लाख पचास हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br>(ग) विकास बैंकको चुक्ता पूँजी रु. ६,५०,००,०००.०० (रुपैयाँ छ करोड पचास लाख मात्र) हुनेछ । | (क) विकास बैंकको अधिकृत पूँजी रु. २०,००,००,०००।०० (अक्षरेपी रु. बीस करोड मात्र) हुनेछ । सो पूँजीलाई रु. १००।- (रुपैयाँ एक सय) दरका २०,००,०००(बीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br>(ख) विकास बैंकले तत्काल जारी गर्ने शेयर पूँजी रु. १०,३७,४०,०००.०० (रुपैया दश करोड सइतीस लाख चालीस मात्र) हुनेछ । उक्त पूँजीलाई रु. १००।- (रुपैयाँ एक सय) दरका १०,३७,४००( दश लाख सइतीस हजार चार सय) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br>(ग) विकास बैंकको चुक्ता पूँजी रु. १०,३७,४०,०००.०० (रुपैयाँ दश करोड सइतीस लाख चालीस हजार मात्र) हुनेछ । | ६.४ प्रतिशत बोनस शेयर जारी र उक्त जारी पश्चात दुई शेयर बराबर एक (२:१) शेयरको अनुपातमा हकप्रद शेयर जारी गरिने भएकोले । |

६. डेभलपमेन्ट बैंकको नियमावली तथा प्रबन्धपत्र संशोधन गर्न अनुमति लिनुपर्ने निकायबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गरियोस् भनी सभाका अध्यक्षज्यूले सभासमक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

७. माउण्ट मकालु डेभलपमेन्ट बैंक लिमिटेड र अन्य इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति (Merger/Acquisition) उपयुक्त देखिएमा सो सम्बन्धी

आवश्यक सम्पूर्ण कार्य अघि बढाउन संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने भनी सभाका अध्यक्षज्यूले सभासमक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

**९. धन्यवाद ज्ञापन**

सभामा उठेका जिज्ञासा र शेयरधनीमहानुभावहरुको सहयोग, सद्भावका कारण माउण्ट मकालु डेभलपमेन्ट बैंक लिमिटेड आजको अवस्थामा आइपुगेको बताउँदै बैंकको पाँचौं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु तथा सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**१०. विविध** विविध शीर्षकमा छलफलका अन्य विषय नउठेकाले अध्यक्षज्यूले अपरान्ह ४:३० बजे सभा बिसर्जन गर्नुभयो ।

| | |
|---|---|
| **कुमार खड्का** | **गणेश प्रसाद बराल** |
| कम्पनी सचिव | सभा अध्यक्ष |